खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज(https://www.kian.or.jp/hlkwsk.html)मा हेर्नुहोस्।

खावासाकी अन्तर्राष्ट्रिय संघ 2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033,जापान


फोन नं::044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

*******************************************************************************

## आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" को बारेमा

2024 को जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिखसम्मको कुल आम्दानी र खर्चको हिसाब गरेर आयको विवरण पेश गर्नु पर्ने हुन्छ। यसका आधारमा आयकरको निर्धारण गरिन्छ। स्वरोजगार, कृषि पेशा वा एक भन्दा बढी व्यवसायमा लागेका व्यक्तिहरूलाई आयको विवरण पेश अनिबार्य गर्नु पर्ने हुन्छ। तर, तलबमा काम गर्ने अफिस कर्मचारीहरूको हकमा भने आयको विवरण पेश गर्नु पर्दैन।

तल उल्लेखित गरिएका व्यक्तिहरुले भने आयको विवरण पेश गर्नु पर्ने हुन्छ:



स्मार्टफोन वा PC बाट (ई-ट्याक्स) सुविधाजनक छ!

- वार्षिक तलब 20 करोड येन वा सोभन्दा बढी हुने व्यक्ति
- दुई भन्दा बढी ठाउँबाट तलब लिएर काम गरेको व्यक्ति
- ग्रामिंड इलाकाहरुको लागि कर तिरेको व्यक्तिहरु (वान स्टप आवेदन दिने व्यक्तिहरु बाहेक)
- आवास कर्जाको कटौती लिएको पहिलो बर्ष अथवा चिकित्सा खर्च कटौती प्राप्त गर्ने व्यक्ति आदि

भिसा नवीकरण वा परिवर्तन गर्दा, आय विवरण घोषणा गरेको कागजपत्रको प्रतिलिपि पेश गर्नु पर्ने हुन सक्छ। त्यसकारण, यो कागजपत्रलाई सुरक्षित रूपमा राख्नुहोस् ।

**निवेदन दिने अबधि : 2025 फेब्रुअरि 17 (सोम) ～ मार्च 17 (सोम) सम्म**

### आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" गर्दा आवश्यक पर्ने कुराहरु :

1.आय विवरण घोषणा फाराम (कर कार्यालयमा राखिएको हुन्छ) ＊"माई नम्बर" छ त्यो पनि फाराम भर्नु पर्ने हुन्छ ।

2. रेइवा 6 वर्षको बार्षिक आय थाहा हुने कागजपत्रहरू (कर कटौती, भुक्तानी बिबरणहरु) 3.परिचय पत्र (जाईरियु कार्ड आदि)

4. निर्भरता कटौतीका लागि आवश्यक कागजपत्रहरू (आश्रित परिवारको जन्मदर्ता प्रमाणपत्र अथवा निर्भरको नाममा पैसा पठाएको कागजपत्र आदि) 5. स्वास्थ्य बीमा कटौतीको लागि आवश्यक कागजातहरू (जीवन बीमा कटौती प्रमाणपत्र, आदि

6.चिकित्सा खर्च कटौती (अस्पताल, फार्मेसी, आदिबाट प्राप्त बिलहरु)

| आवेदन लिने स्थानहरु: | सम्पर्क गर्ने ठाउँ | तपाइँ बस्ने वडा |
|---|---|---|
| खावासाकी किता कर कार्यालय | 2-4-3 हिसामोतो, ताकाचु वडा, खावासाकी (044-852-3221) | नाकाहारा वडा, ताकाचु वडा र मियामाए वडा |
| खावासाकी निशी कर कार्यालय | 1-3-14 खामीआसो, आसो वडा, खावासाकी (044-965-4911) | तामा वडा र आसो वडा |
| खावासाकी मिनामी कर कार्यालय | 3-18 एनोकिच्यो, खावासाकी वडा, खावासाकी (044-222-7531) | खावासाकी वडा र साईवाई वडा |

◆ **राष्ट्रिय कर एजेन्सीको होमपेजमा अंग्रेजीमा जानकारी उपलब्ध छ।**
https://www.nta.go.jp/english/taxes/individual/12011.htm

◆ **विदेशीहरुको लागि आय विवरण घोषणा फारम भर्ने तरिकाको म्यानुअल 2022**
https://www.nta.go.jp/taxes/shiraberu/shinkoku/tebiki/2023/foreigner/index.htm
म्यानुअलहरु अंग्रेजी, चिनियाँ, भियतनामी, पोर्चुगिज र नेपाली भाषामा उपलब्ध छन्।

म्यानुअल

*******************************************************************************

## विदेशी नागरिकहरु संगै गरिने आपतकालीन अभ्यास

नाकाहारा दमकल विभाग र शहरी संघको सहकार्यमा विदेशी र जापानी नागरिक संगै मिलेर आपतकालीन प्रशिक्षण अभ्यास गरिनेछ।



【मिति, समय】 2025 फेब्रुअरी 21 (शुक्र) बिहान 10 बजे देखि 12 बजे सम्म

【स्थान】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको प्रवेशद्वार अगाडिको आँगन

【विषय】 दमकल, भूकम्पको अनुभव, धुवाँ अनुभव, AED प्रयोग अनुभव, आदि।

【शुल्क】 नि:शुल्क

【अग्रिम आवेदन】 पर्दैन। 10 बजे बाट आवेदन लिन शुरु गरिनेछ।

【संपर्क】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

फोन 044—435-7000 ई-मेल（kiankawasaki@kian.or.jp）

आपतकालीन खानाको स्वाद लिन पाइने छ । सरल जापानी भाषामा बोलिने छ ।

बिस्तृत बिबरण

# 2025 साल जनवरी देखि मार्च सम्मको केन्द्रको कार्यक्रमहरु

| कक्षा • कार्यक्रम | दिन, समय | सहभागिता | विषय |
|---|---|---|---|
| विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा<br>**जापानी भाषा**  | बिहानको कक्षा (मंगल र शुक्र)<br>जनवरी 7 ～ मार्च 7<br>9:50 ～11:50<br>बिस्तृत जानकारीको लागि संपर्क गर्नुहोला। | 9,350 येन(17 पटक)<br>पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ । | थोरै विद्यार्थी राखिन्छ ।<br>(एउटा क्लासमा 5-8 जना)<br>प्रारम्भिक देखि माथिल्लो लेवल सम्म।<br>प्रत्येक लेभलको छुट्टै 8 देखि 11 कक्षाहरू छन्। |
| | बेलुकीको कक्षा (प्रत्येक बुध)<br>जनवरी 8 ～ मार्च 5<br>18:30 ～ 20:30<br>बिस्तृत जानकारीको लागि संपर्क गर्नुहोला | 4,950 येन (9 पटक)<br>पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ । | आबेदन धमाधम लिइदै छ ।<br>कृपया फोटो एक प्रति (3X4cm को) लिएर आउनुहोस् । |
| वसन्त ऋतुको बिदामा संचालन गरिने बच्चाहरुको लागि विदेशी भाषाको कक्षा<br>**अंग्रेजी A, अंग्रेजी B र स्पेनिश**  | मार्च 26 (बुध)～ 28 (शुक्र)<br>अंग्रेजी A 13:00～14:00<br>अंग्रेजी B 14:30～15:30<br>स्पेनिश 10:30～11:30 | 3,300 येन<br>(पाठ्यक्रमको शुल्क सहित)<br>फेब्रुअरी 21 (शुक्र)बाट आवेदन शुरु हुनेछ। | विदेशी नेटिभ शिक्षकहरु सँग<br>अंग्रेजी A (प्रा वि 1 र 2 कक्षाका विद्यार्थी)<br>अंग्रेजी B (प्रा वि 3 र 4 कक्षाका विद्यार्थी)<br>स्पेनिश (प्रा वि 1 देखि 5 सम्मका विद्यार्थी)<br>सिकौं। |
| नोटो प्रायद्वीप भूकम्पबाट हिमी शहरको परिवर्तनको इतिहास<br>सपना र आशाहरु को लागी<br>गीत र व्याख्यान | मार्च 15 (शनि))<br>10:30～12:30<br>(10:00 बाट खुल्ने) | प्रवेश: नि:शुल्क (200 जना सम्म)<br>※पहिले आउनेलाई प्राथमिकता दिईनेछ।<br>0आवेदन: जनवरी 16 बाट खुल्नेछ।<br>होम पेज वा फोनमार्फत आवेदन गर्न सकिन्छ । | भूकम्प र बाढी प्रतिक्रिया, राहत र पुनर्लाभमा हिमी शहरको महत्वपूर्ण भूमिका।<br>प्रकोपग्रस्त क्षेत्रहरूमा बसोबास गर्ने विदेशीहरुको लागि सहयोग र पुनर्लाभ गतिविधिहरूको कथा। |
| विदेशी नागरिकहरूको लागि 30 औं जापानी बक्तित्व प्रतियोगिता | फेब्रुअरी 8 (शनि)<br>13:00～15:30<br>जमघट कार्यक्रम:<br>15:30～16:30 | नि:शुल्क ।<br>(प्रतियोगिता पछिको जमघट कार्यक्रमका लागि सहभागीको आवेदन आवश्यक पर्नेछ।) | पाँच वर्षभन्दा कम समयदेखि जापानमा बसेका विदेशीले बक्तृत्वकला प्रतियोगितामा सहभागी हुनेछन्, साथै 'सान्युतेई कोउसेईनेन'को राकुगो प्रस्तुति पनि हुनेछ। |
| कोरियाली भाषाको अन्तर्राष्ट्रिय समझ पाठ्यक्रम | मार्च 8 (शनि)<br>14：00～16：00 | शिक्षण शुल्क : 550 येन+<br>पाठ्यक्रमको शुल्क : 1,000 येन<br>आवेदन : फेब्रुअरी 1 (शनि) बाट<br>सहभागी संख्या: 24 जना सम्म। | कोरियाली भाषामा कोरियाली खानाको बारेमा सिक्नुहोस्!<br>  |

****************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)**

ZOOM **प्रयोग गरेर अनलाइन परामर्श लिन सकिन्छ** !

सम्पर्क नंम्बर 044-4555-8811

परामर्श समय 9:00~ 17:00

अनलाइन परामर्शको लागि

खावासाकी अन्तराष्ट्रिय केन्द्र होमपेज

**सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।**

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार सम्म | चिनियाँ | सोमबार देखि शनिबार सम्म |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली | मंगलबार र बिहीबार | फिलिपिन | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

## प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

**प्रत्येक महिनाको तेस्रो आइतबार** • परामर्श जापानी भाषामा मात्र हुन्छ, तर सशुल्क अनुवादक पनि रिजर्भ गर्न सक्नुहुन्छ।

फेब्रुअरी 16 (आइत), मार्च 16 (आइत)14:00～16:00 (खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक रुम)